apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१




● वर्षः १२ ● अंकः २४८ ● पृष्ठः ४ ● ०७ असोज २०८३ बुधबार (23 September 2026, Wednesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/


# आधिकारिक उम्मेदवारलाई असहयोग गरेको आरोपमा सिरहा कांग्रेसका सात नेता कारबाहीमा

## केन्द्रीय अनुशासन समितिद्वारा एक वर्षका लागि पार्टीबाट निष्कासन

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज ०६ गते**

नेपाली कांग्रेसको केन्द्रीय अनुशासन समितिले प्रतिनिधिसभा निर्वाचनमा पार्टीका आधिकारिक उम्मेदवारलाई असहयोग गरेको आरोपमा सिरहाका सात जना नेता तथा कार्यकर्तालाई एक वर्षका लागि पार्टीबाट निष्कासन गर्ने निर्णय गरेको छ।

केन्द्रीय अनुशासन समितिको भदौ ३१ गते बसेको बैठकले निर्वाचनका क्रममा पार्टी अनुशासन उल्लङ्घन गरेको आरोपमा उनीहरूमाथि कारबाही गर्ने निर्णय गरेको हो । समितिको निर्णयअनुसार नेपाली कांग्रेसको विधान, २०१७ (एघारौं संशोधनसहित) को धारा ३४ को उपधारा ८ (घ) बमोजिम उनीहरूलाई एक वर्षका लागि पार्टीबाट निष्कासन गरिएको जनाइएको छ।


नेपाली कांग्रेस
केन्द्रीय कार्यालय
बी.पी. स्मृति भवन, ललितपुर, नेपाल
केन्द्रीय अनुशासन समिति

च.नं. १०४९

असोज ०२, २०८३

श्री सभापतिज्यू,
नेपाली कांग्रेस,
जिल्ला कार्यसमिति, सिरहा ।

विषय : जानकारी सम्बन्धमा ।

नेपाली कांग्रेस केन्द्रीय अनुशासन समितिको २०८३ भाद्र ३१ गते बसेको बैठकले सिरहा जिल्लामा २०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा नेपाली कांग्रेस पार्टीको आधिकारिक उम्मेदवारलाई असहयोग गरेका तपशील बमोजिमका व्यक्तिहरुलाई निम्न बमोजिमको निर्णय गरेको व्यहोरा जानकारी लागि अनुरोध गरिन्छ ।

निर्णय

१. प्रतिनिधि सभा सदस्य निर्वाचन -२०८२ सिरहा जिल्लामा पार्टीको आधिकारिक उम्मेदवारलाई असहयोग गरी अनुशासन उल्लघंन गरेको कसुरमा नेपाली कांग्रेस केन्द्रीय अनुशासन समितिमा प्राप्त उजुरी उपर छलफल गर्दा **औरही गा.पा. वडा नं. ५ का शुभाषकुमार दास, औरही गा.पा. वडा नं. ३ का महादेव यादव, क्षेत्रीय सदस्य सखीपुर न.पा. वडा नं. ८ का शत्रुधनप्रसाद यादव, जिल्ला सदस्य धनढी न.पा. वडा नं. १० का निलकुमार राउत, गोलबजार न.पा. सभापति राजदेव साह, गोलबजार न.पा. वडा नं. ९ का सभापति प्रेमशरण यादव र प्रदेश अधिवेशन प्रतिनिधि विष्णुपुर वडा नं. ५ का मुरली रायमाझीलाई** नेपाली कांग्रेसको विधान, २०१७ (एघारौं संशोधन सहित) को धारा ३४ (८) (घ) बमोजिम पार्टीबाट १ (एक) वर्षको लागि निस्काशन गर्ने निर्णय गरेको छ ।

जय नेपाल !

दिनेश थापामगर
सचिव

कारबाहीमा पर्नेहरूमा औरही गाउँपालिका-५ का शुभाषकुमार दास, औरही गाउँपालिका-३ का महादेव यादव, सुखीपुर नगरपालिका-६ का क्षेत्रीय सदस्य शत्रुधनप्रसाद यादव र धनगढीमाई नगरपालिका-१० का जिल्ला सदस्य निलकुमार राउत रहेका छन्।

त्यस्तै, गोलबजार नगरपालिका सभापति राजदेव साह (लालबाबु), गोलबजार नगरपालिका-९ का सभापति प्रेमशरण यादव र विष्णुपुर गाउँपालिका-५ का प्रदेश अधिवेशन प्रतिनिधि मुरली रायमाझी पनि कारबाहीमा परेका छन्।

केन्द्रीय अनुशासन समितिले प्रतिनिधिसभा निर्वाचनका क्रममा पार्टीका आधिकारिक उम्मेदवारलाई असहयोग गरेको सम्बन्धमा प्राप्त उजुरी तथा त्यससम्बन्धी प्रक्रियाका आधारमा कारबाहीको निर्णय गरेको जनाएको छ।

कारबाहीसम्बन्धी निर्णय कार्यान्वयन तथा सम्बन्धित पार्टी संरचनालाई जानकारी गराउने विषयमा कांग्रेस सिरहा जिल्ला कार्यसमितिबाट थप विवरण सार्वजनिक हुन बाँकी रहेको छ।

# सिरहाका सीमा क्षेत्रबाट १३ लाखभन्दा बढीका भन्सार छलीका सामान बरामद



**अपन दैनिक संवाददाता**
**सिरहा, असोज ०६ गते**

सिरहाका विभिन्न सीमा क्षेत्रबाट भन्सार छली गरी अवैध रूपमा ओसारपसार गरिएका १३ लाखभन्दा बढी मूल्यका सामान बरामद गरिएको छ।

सशस्त्र प्रहरी बल, नेपालका अनुसार जिल्लाका विभिन्न सीमा इलाकाबाट १३ लाख ३५ हजार २५१ रुपैयाँ बराबरका भन्सार छलीका सामान बरामद गरिएको हो। बरामद गरिएका सामान आवश्यक कानुनी प्रक्रिया पूरा गरी सिरहा भन्सार कार्यालयमा दाखिला गरिएको सशस्त्र प्रहरीले जनाएको छ।

सशस्त्र प्रहरीका अनुसार नेपालबाट भारततर्फ लैजाँदै गरिएका तथा भारतबाट नेपालतर्फ ल्याउँदै गरिएका सामान सीमा क्षेत्रमा खटिएको टोलीले नियन्त्रणमा लिएको हो।

बरामद गरिएका सामानमा लत्ताकपडा, मोटरसाइकल, किराना सामग्री, सुर्तीजन्य पदार्थ, कस्मेटिक सामग्री, जुत्ता, खेलौना, हार्डवेयरका सामान, पेय पदार्थ, मदिरा तथा इन्धन लगायत रहेका छन्।

# मलेसियामा कार्यरत पासमान युवाको सहयोगमा सिरहाका विद्यार्थीलाई शैक्षिक सामग्री

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज ०६ गते**




मलेसियामा रोजगारीका क्रममा रहेका पासमान समुदायका युवाहरूको सहयोगमा सिरहा नगरपालिकाका पासमान समुदायका विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरिएको छ।

जय श्री सलहेश युवा समाज सेवा, मलेसिया शाखाको पहलमा बाल विकासदेखि कक्षा १२ सम्म अध्ययनरत विद्यार्थीलाई कापी, कलमलगायतका शैक्षिक सामग्री वितरण गरिएको हो।

सिरहा पुस्तकालयमा आयोजित कार्यक्रममा संस्थाका नेपाल प्रतिनिधि रामकिशोर पासमानको अध्यक्षता तथा राष्ट्रिय सभा सदस्य धर्मेन्द्र पासमानको प्रमुख आतिथ्यमा विद्यार्थीलाई शैक्षिक सामग्री प्रदान गरिएको थियो।

कार्यक्रममा दलित अधिकारकर्मी चन्देश्वर पासमान, विजय पासमान, मोहन पासमान, रीना पासमानलगायतको सहभागिता रहेको थियो।

मलेसियामा कार्यरत पासमान समुदायका युवाहरूले आफ्नो आम्दानीबाट रकम जुटाएर समुदायका बालबालिकालाई शिक्षाप्रति प्रोत्साहित गर्ने उद्देश्यले शैक्षिक सामग्री सहयोग गरेको आयोजकले जनाएको छ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि धर्मेन्द्र पासमानले शिक्षा क्षेत्रमा राज्यले अघि सारेका निःशुल्क शिक्षालगायतका पहल महत्वपूर्ण रहेको उल्लेख गर्दै बालबालिकाको शिक्षामा पहुँच विस्तार गर्न राज्यसँगै समुदायको भूमिका पनि उत्तिकै महत्वपूर्ण रहेको बताए।

कार्यक्रममा सहभागी वक्ताहरूले पासमान समुदायका बालबालिकाको शैक्षिक विकासका लागि

बाँकी पृष्ठ २ ▸▸

# भोटेकोशी बाढीमा बुबा बेपत्ता हुँदा दाजुबहिनीको बिचल्ली

**अपन दैनिक संवाददाता**
**राजविराज, असोज ०६ गते**

चुहिरहेको टिनको छानोमुनि १३ वर्षीय शोभाकुमार सदा कहिले बहिनी बिभालाई हेर्छन्, कहिले बुबा आउने बाटो । भोटेकोशी नदीमा आएको बाढीपछि उनका बुबा बेचन सदा बेपत्ता भएको २७ दिन बितिसक्यो। कुनै खबर आएको छैन। घरमा आम्दानीको बाटो छैन। आमाको मृत्यु भएको एक वर्ष पनि पुगेको छैन।

यसमाथि आमाको उपचार र दिदीहरूको बिहेमा लागेको ऋण उनकै थाप्लोमा आइलागेको छ। १० भदौपछि राजविराज नगरपालिका-१६, बोरियास्थित घरमा शोभाकुमार यही चिन्ताले झस्किन्छन् । बेलाबेला बरबराइरहन्छन्। 'उपचार अभावले ४२ वर्षकै उमेरमा आमा बित्नुभयो,' उनले भने, 'त्यसको वर्ष दिन नबित्दै एक्लो सहारा बुबा सम्पर्कविहीन भएको २७ दिनसम्म अत्तोपत्तो छैन।'



क्यान्सर रोगबाट ग्रसित उनकी आमा फुलियादेवीको गत कात्तिकमा मृत्यु भएको थियो। उपचारका लागि उनलाई बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान लगिएको थियो। त्यहाँ उपचार सम्भव नभएपछि चिकित्सकले थप उपचारका लागि भरतपुर क्यान्सर अस्पताल लैजान सुझाएका थिए। तर, पैसा जोहो गर्न नसक्दा फुलियादेवीको थप उपचार हुन सकेन। 'त्यसबेलासम्म बुबाको

बाँकी पृष्ठ ४ ▸▸

**खाद्य स्वच्छता र गुणस्तरमा ध्यान दिऔं**

- खाद्य पदार्थ खरिद गर्नुअघि उत्पादन, उपभोग्य मिति र लेबल अनिवार्य रूपमा जाँच गरौं।
- म्याद नाघेका, सडेगलेका वा गुणस्तरहीन खाद्य पदार्थ उपभोग नगरौं।
- प्याकेजिङ च्यातिएको, फुलेको वा क्षतिग्रस्त अवस्थामा रहेको खाद्य पदार्थ खरिद/बिक्री नगरौं।
- शंकास्पद वा मिसावटयुक्त खाद्य पदार्थको प्रयोगबाट बचौं।
- मिठाई, मासु, दूधजन्य तथा छिट्टै बिग्रने खाद्य पदार्थको भण्डारणमा विशेष ध्यान दिऔं।
- स्वच्छ तथा सफा पानीको प्रयोग गरौं।
- गुणस्तरहीन वा म्याद नाघेका खाद्य पदार्थ बिक्री/वितरण भएको पाइएमा सम्बन्धित निकायलाई जानकारी गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# विमानस्थलमा तोडे तामझाम, संसद्मा ल्याए थिति



**अपन दैनिक संवाददाता**
**सिरहा, असोज ०६ गते**

कार्यकारी प्रमुख विदेश जाँदा विमानस्थलमा देखिने सेनाको सलामी, रातो कार्पेट, मन्त्रीहरूको लावालश्कर र फूलगुच्छाको परम्परालाई तोड्दै प्रधानमन्त्री बालेन्द्र शाह मंगलबार साँझ अमेरिका प्रस्थान गरे।

संयुक्त राष्ट्रसङ्घको ८१ औं महासभामा भाग लिन गएका प्रधानमन्त्रीको पहिलो विदेश भ्रमण बाहिरबाट जति सादगी देखियो, उति नै संसद्लाई छलेर र परम्परागत

बाँकी पृष्ठ ३ ▸▸



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला।**

## सम्पादकीय...

### रातो किताब लुकाएर बजेट पारदर्शी हुँदैन

सिरहा नगरपालिकाको चालु आर्थिक वर्ष २०८३/०८४ सुरु भएको दुई महिना बितिसक्दा पनि वार्षिक योजना तथा कार्यक्रम समेटिएको 'रातो किताब' सार्वजनिक नहुनु सामान्य प्रशासनिक ढिलाइको विषय मात्र होइन। यो स्थानीय सरकारको पारदर्शिता, जवाफदेहिता र नागरिकको सूचनाको अधिकारसँग जोडिएको गम्भीर प्रश्न हो।

नगरसभाबाट बजेट पारित भइसकेको छ। नीति तथा कार्यक्रम पनि सार्वजनिक भएको छ। तर बजेटको वास्तविक कार्यान्वयन कहाँबाट सुरु हुन्छ ? कुन वडामा कुन योजना परेको छ ? कुन योजनाका लागि कति रकम विनियोजन गरिएको छ ? योजना कहिले र कसरी कार्यान्वयन हुँदैछ ? यस्ता आधारभूत प्रश्नको जवाफ दिने विस्तृत योजना पुस्तिका नै नागरिकको पहुँचमा छैन भने बजेट सार्वजनिक भएको दाबीले मात्र पारदर्शिता सुनिश्चित गर्दैन।

'रातो किताब' कुनै औपचारिक कागजको थुप्रो होइन। यो नगरपालिकाको विकास प्राथमिकता, योजना र सार्वजनिक खर्चको आधारभूत दस्तावेज हो। नागरिकले आफ्नो वडामा परेको योजना हेर्न पाउनुपर्छ। उपभोक्ता समिति र निर्माण व्यवसायीले योजनाको विवरण थाहा पाउनुपर्छ। सञ्चारमाध्यम, नागरिक समाज र सरोकारवालाले बजेटको कार्यान्वयनमाथि निगरानी गर्न सक्नुपर्छ। यही प्रक्रियाले स्थानीय सरकारलाई थप जवाफदेही बनाउँछ।

नगरपालिकाले वेबसाइटमा बजेट राख्न निर्देशन दिइसकेको र बजेटको स्रोत विवरण प्रविष्ट गर्ने क्रममा कम्प्युटर अपरेटरबाट त्रुटि भएको कारण ढिलाइ भएको बताएको छ। प्राविधिक समस्या आउन सक्छन्, कर्मचारीबाट त्रुटि हुन सक्छ। तर सार्वजनिक बजेट र योजनाको विवरण लामो समयसम्म नागरिकको पहुँचबाट बाहिर राखिनु त्यसको पर्याप्त कारण बन्न सक्दैन।

सार्वजनिक स्रोत जनताको पैसा हो। त्यसको विनियोजन र खर्चबारे जानकारी माग्नु नागरिकको अधिकार हो, कसैप्रति गरिएको उपकार होइन। बजेट कार्यान्वयन सुरु भइसकेपछि मात्र विवरण सार्वजनिक गर्ने होइन, योजना कार्यान्वयनअघि नै नागरिकले त्यसबारे जानकारी पाउने व्यवस्था हुनुपर्छ।

अझ महत्वपूर्ण कुरा, नगरपालिकाको वेबसाइट नियमित रूपमा अद्यावधिक नहुनु अर्को समस्या हो। आजको डिजिटल युगमा नागरिकले सूचना माग्न कार्यालय धाउनुपर्ने अवस्था अन्त्य गर्न स्थानीय तहले आफ्ना निर्णय, बजेट, योजना, खर्च र प्रगति विवरण नियमित रूपमा अनलाइन सार्वजनिक गर्नुपर्छ।

सिरहा नगरपालिकाले अब ढिलाइको कारण बताउनेभन्दा पनि समाधान दिनुपर्छ। 'रातो किताब' तत्काल सार्वजनिक गरिनुपर्छ। प्रत्येक वडा र योजनाको बजेट, शीर्षक, कार्यान्वयनको अवस्था तथा खर्चसम्बन्धी विवरण नागरिकको सहज पहुँचमा पुऱ्याउनुपर्छ।

स्थानीय सरकारको वास्तविक परीक्षा भाषण र बजेट पारित गर्ने प्रक्रियामा मात्र हुँदैन। उसले सार्वजनिक गरेको बजेट कति पारदर्शी ढंगले कार्यान्वयन गर्छ र नागरिकलाई त्यसको हिसाब कति सहज रूपमा दिन्छ भन्ने कुराले पनि उसको जवाफदेहिता मापन गर्छ।

जनताको पैसा खर्च हुँदैछ भने जनताले हिसाब जान्न पाउनुपर्छ। रातो किताब लुकाएर बजेट पारदर्शी हुँदैन–सूचना सार्वजनिक गरेर मात्र विश्वास कायम गर्न सकिन्छ।

### मलेसियामा कार्यरत पासमान युवाको ...........

समुदायस्तरबाट निरन्तर सहयोग र सकारात्मक पहल आवश्यक रहेको धारणा व्यक्त गरे।

सो अवसरमा विद्यार्थीहरूलाई कापी, कलमलगायतका शैक्षिक सामग्री वितरण गरिएको संस्थाका तर्फबाट शोभितकुमार पासमानले जानकारी दिए।

अपन दैनिक

- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म

# शीतभण्डार आयोजना अलपत्र
# किसानको जग्गा सात वर्षदेखि उपयोगविहीन



लहान नगरपालिका-११ पडरियाका आठ जना किसानले शीतभण्डार निर्माणका लागि आफ्नो एक बिघा दुई कट्ठा कृषियोग्य जग्गा ३० वर्षका लागि भाडामा दिए। जग्गा भाडामा दिएको अहिले सात वर्ष बितिसक्यो। न त उक्त जग्गामा शीतभण्डार निर्माण भएको छ न त किसानले जग्गाको उपभोग नै गर्न पाएका छन्।

मधेश प्रदेश सरकारको महत्वाकाङ्क्षी योजनाका रूपमा विसं २०७५ फागुन ११ गते तत्कालीन भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री शैलेन्द्रप्रसाद साहले पडरियामा शीतभण्डारको शिलान्यास गरेको थियो।

शीतभण्डार निर्माण भएपछि सिरहा र सप्तरीका किसानले आँप, आलु तथा मौसमी तरकारीलगायत कृषिउपज सस्तो मूल्यमा बिक्री गर्नुपर्ने वा बजार नपाएर खेर फाल्नुपर्ने समस्या हट्ने सरकारको अपेक्षा थियो। सात वर्षपछि निर्माणस्थलमा अधुरा संरचना, झाडी र पशु चराउने ठाउँबाहेक केही बाँकी छैन।

एक हजार ५०० मेट्रिकटन क्षमताको शीतभण्डार निर्माणका लागि २०७५ माघ ७ गते सप्तरीको मलेकपुरस्थित शुभनारायण कृषि व्यावसायिक फर्मसँग १७ करोड ३२ लाख ७१ हजार ५६ मा सम्झौता भएको थियो। सम्झौताअनुसार आयोजनामा प्रदेश सरकारको ८० प्रतिशत र सम्बन्धित फर्मको २० प्रतिशत साझेदारी रहने व्यवस्था थियो।

सम्झौतापछि फर्मले मन्त्रालयबाट पहिलो किस्ताबापत एक करोड भुक्तानी लिएको थियो। सो रकमबाट कार्यालय भवनको 'डिपिसी' र केही भागमा 'कम्पाउन्ड वाल' निर्माणलगायत प्रारम्भिक काम भए पनि त्यसपछि निर्माण अघि बढ्न सकेन।

आयोजना सुरु गर्दा पर्याप्त पूर्वतयारी र विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बिना प्रक्रिया अघि बढाइएको, लागत अनुमान र कार्यान्वयन प्रक्रियामा कमजोरी देखिएको तथा भुक्तानी र छानबिनका विषय उठेपछि आयोजना अघि बढ्न नसकेको प्रदेश सरकारका अधिकारीहरू बताउँछन्।

**अधुरो संरचनामै हराउँदै निर्माण सामग्री**

निर्माण रोकिएपछि पडरियास्थित शीतभण्डारको संरचना संरक्षणविहीन बनेको स्थानीयको भनाइ छ। निर्माणस्थलमा रहेका फलामे रड चोरी भएको तथा केही पिलर फुटाएर फलाम निकालिएको स्थानीय बताउँछन्।

स्थानीय किसान राजेन्द्रप्रसाद साहले निर्माणस्थल संरक्षणविहीन हुँदा सरकारको लगानीसँगै निर्माण सामग्री नोक्सान भइरहेको बताए। "पिलर फुटाएर फलाम निकालिएको छ, बाँकी फलामे रड पनि हराउँदै गएका छन्। सरकारले बनाउने भनेर छाडेको संरचना अहिले संरक्षण गर्ने मान्छे नभएको जस्तो देखिन्छ", उनले भने।

**किसानले भाडा पाएनन्**

शीतभण्डार बन्ने आशामा पडरियाका आठ किसानले करिब एक बिघा दुई कट्ठा उब्जाउ कृषि जग्गा ३० वर्षका लागि भाडामा दिएका थिए। प्रतिकट्ठा वार्षिक आठ हजारका दरले भाडामा दिइएको उक्त जग्गाको वार्षिक भाडा करिब एक लाख ७६ हजार हुने सम्झौता थियो।

निर्माण अलपत्र परेपछि किसानले जग्गाको भाडा मात्र होइन, भाडामा दिएको जग्गामा खेतीपातीसमेत गर्न पाएका छैनन्। स्थानीय किसान सुरतलाल चौधरीका अनुसार नेपाली चौधरी, सियाराम चौधरी, जीवन चौधरी, प्रकाश चौधरी, सीताराम चौधरी, अन्तिलाल चौधरी, बिन्तीलाल चौधरीसहित आठ जनाले शीतभण्डार निर्माणका लागि जग्गा भाडामा दिएका थिए।

जग्गादाता नेपाली चौधरीले शीतभण्डारका लागि जग्गा दिएको सात वर्षदेखि भाडा नपाएको बताए। उनका अनुसार अहिलेसम्म १२ लाखभन्दा बढी भाडा पाउन बाँकी छ। "शीतभण्डार बनाउने भनेकाले जग्गा दियौँ। न शीतभण्डार बन्यो, न भाडा आयो। खेतीपाती गर्न पाएनौँ", उनले भने।

जग्गादाता जीवन चौधरीले आफूले साढे चार कट्ठा उब्जाउ जग्गा शीतभण्डार निर्माणका लागि दिएको बताए। निर्माणको जिम्मा पाएको फर्मका सञ्चालकलाई खोज्दै राजविराजसम्म पुगे पनि भेट्न नसकेको र फोन सम्पर्कसमेत हुन नसकेको उनको भनाइ छ। "न संरचना बन्यो, न जग्गाको भाडा आयो। न त खेतीपाती गर्न पाइयो। अहिले जङ्गल र झाडी मात्रै बाँकी छ", उनले भने।

प्रदेशका आठ शीतभण्डारको अवस्था उस्तै लहानको आयोजना मात्र होइन, मधेश प्रदेश सरकारले आव २०७५/७६ देखि अघि बढाएका अधिकांश शीतभण्डार आयोजना अझै सञ्चालनमा आउन सकेका छैनन्। प्रदेशका सात जिल्लामा आठ शीतभण्डार निर्माणका लागि करिब एक अर्ब ७९ करोड ९३ लाख बराबरको सम्झौता भए पनि अधिकांश आयोजना फाउन्डेशन, माटो फिलिङ र कम्पाउन्ड वालमै सीमित छन्।

धनुषाको लक्ष्मीनियाँमा एक हजार मेट्रिकटन क्षमताको शीतभण्डारका लागि जनहित कृषक समूहसँग १६ करोड ६५ लाखमा सम्झौता भएको थियो। समूहका अध्यक्ष ललितनारायण यादवका अनुसार कृषकको लगानी रहेको उक्त आयोजनामा हालसम्म करिब तीन करोड खर्च भए पनि प्रदेश सरकारबाट ८१ लाख ५० हजार मात्र प्राप्त भएको छ।

पर्साको वीरगञ्ज-२६ सुगौलीमा पाँच हजार मेट्रिकटन क्षमताको शीतभण्डार निर्माणका लागि शिवम् एग्रो इन्डस्ट्रिजसँग २७ करोड ८२ लाख ९९ हजारमा सम्झौता भएको थियो। त्यहाँ प्रारम्भिक 'लेआउट'को कामभन्दा अरु अघि बढेको छैन। वीरगन्जकै अर्को आयोजनामा ग्लोबल लेदर ट्रेडिङ इन्डस्ट्रिजसँग १७ करोड ११ लाखमा सम्झौता भए पनि कम्पाउन्ड वालसम्मको काम भएको छ।

बाराको सिम्रौनगढमा तीन हजार मेट्रिकटन क्षमताको शीतभण्डारका लागि अमन मत्स्य फार्मसँग २४ करोड ७४ लाख ८४ हजारमा सम्झौता भएको थियो। त्यहाँ फाउन्डेशनसम्मको काम भएको छ। रौतहटको गरुडा-१ मा राष्ट्रिय हर्बल प्रोसेसिङ प्रालिसँग २६ करोड ८५ लाखमा सम्झौता भएको आयोजना पनि अलपत्र छ।

सर्लाहीको बरहथवा-५ मा एक हजार ५०० मेट्रिकटन क्षमताको शीतभण्डारका लागि लवकुश बचत तथा ऋण सहकारी संस्थासँग १८ करोड ३५ लाखमा सम्झौता भएको थियो। त्यहाँ माटो फिलिङ र फाउन्डेशनबाहेक काम हुन सकेको छैन।

सप्तरीको राजविराज-भल्हीमा तीन हजार मेट्रिकटन क्षमताको शीतभण्डारका लागि जिल्ला सहकारी संस्थासँग ३१ करोड पाँच लाखमा सम्झौता भएको थियो। साठी प्रतिशत काम सम्पन्न भएको दाबी गरिए पनि आयोजना अझै सञ्चालनमा आएको छैन। यस आयोजनामा सङ्घीय सहकारी विभागबाट सात करोड १७ लाख र प्रदेश सरकारबाट एक करोड चार लाख भुक्तानी भइसकेको छ।

लेखक तथा राजनीतिक विश्लेषक राजेश विद्रोहीले राजनीतिक स्वार्थका आधारमा आयोजना छनोट गर्ने, बजेट विनियोजन गर्ने तर कार्यान्वयनको जिम्मेवारी र जवाफदेहितामा बेवास्ता गर्ने प्रवृत्तिले विकास आयोजना अलपत्र

बाँकी पृष्ठ ३ ▶▶

**गर्मी मौसममा सावधानी अपनाऔ, सुरक्षित बनौं**

- प्रयाप्त मात्रामा सफा पानी, स्वच्छ खाना तथा तरल पदार्थ सेवन गरौं।
- अत्यधिक घाममा लामो समयसम्म नबसौं।
- चर्को घाममा बाहिर निस्कँदा छाता, टोपी र पातलो कपडा प्रयोग गरौं।
- जंकफूड, बासी, सडेगलेका तथा दूषित खानेकुरा नखाऔं।
- बालबालिका, ज्येष्ठ नागरिक तथा बिरामीको विशेष हेरचाह गरौं।
- तातो हावाका कारण लु का लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- घर तथा कार्यस्थललाई स्वच्छ, सफा र शितल राखौं।

सिरहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सिरहा
मधेश प्रदेश, सिरहा (नेपाल)

## आजको राशिफल

**मेष :** व्यापारिक तथा पेसागत क्षेत्रमा नयाँ सफलता हात पार्ने सुवर्ण अवसर मिल्नेछ।

**बृष :** भाग्यको बलियो साथ रहने हुनाले धार्मिक, आध्यात्मिक तथा परोपकारी कार्यमा मन आकर्षित हुनेछ।

**मिथुन :** स्वास्थ्यमा देखिएका पुराना समस्याहरूले सताउन सक्ने भएकाले खानपानमा विशेष सतर्कता अपनाउनुहोला।

**कर्कट :** दाम्पत्य जीवनमा मिठास छाउनेछ र जीवनसाथीसँगको सम्बन्ध अझ प्रगाढ बन्नेछ।

**सिंह :** शारीरिक तथा मानसिक ऊर्जा उच्च रहनेछ। दिनचर्या सहज र व्यवस्थित बन्नेछ।

**कन्या :** बौद्धिक तथा रचनात्मक क्षेत्रमा आफ्नो कला देखाउने अवसर मिल्नेछ।

**तुला :** पारिवारिक वातावरणमा केही खटपट वा आमाको स्वास्थ्यलाई लिएर केही चिन्ता बढ्न सक्छ।

**वृश्चिक :** आत्मविश्वास र पराक्रममा वृद्धि हुनेछ। छोटो तथा अर्थपूर्ण यात्राको योग रहेको छ जसले नयाँ ढोकाहरू खोल्नेछ।

**धनु :** वाणीको प्रभावले रोकिएका तथा अपूरा कामहरू सुचारू रूपमा बन्नेछन्।

**मकर :** आज चन्द्रमा तपाईंकै राशिमा रहने हुनाले तपाईंको व्यक्तित्वमा विशेष चमक आउनेछ।

**कुम्भ :** वैदेशिक क्षेत्र वा टाढाको यात्रासँग सम्बन्धित कामहरूमा केही ढिलासुस्ती हुन सक्छ।

**मीन :** विभिन्न स्रोतहरूबाट आकस्मिक धन लाभ हुने प्रबल योग रहेको छ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# जेन-जी शहीदकी आमाले संसदमा भक्कानिँदै भनिन्- यो राजनीतिक रहर होइन, न्याय खोज्ने यात्रा हो

अपन दैनिक संवाददाता
काठमाडौं, असोज ०६ गते



प्रतिनिधिसभाको मंगलबारको बैठकमा सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की सांसद रचना खतिवडा बोल्दाबोल्दै भक्कानिएकी छन्।

उनी जेन-जी आन्दोलनमा ज्यान गुमाएका रसिक खतिवडाकी आमा हुन् । संसदमा बोल्दै उनले प्रतिनिधिसभामा उभिनु आफ्नो राजनीतिक रहर वा लालच नभई न्याय खोज्ने यात्रा भएको बताइन्।

'आज यो गरिमामय संसदमा उभिनु मेरो लागि कुनै राजनीतिक रहर या लालचको विषय थिएन। यो मेरो न्याय खोज्ने यात्रा थियो। मेरो कोखमा नौ महिना हुर्किएको, ताते-ताते गर्दै मेरा आँखासामु बढेको मेरो मुटुको टुक्रा, त्यतिबेलाको शासकले चलाएको तातो गोली र उसको बगेको रातो रगतले न्याय खोज्दै थियो। एउटा विश्वास र पवित्र यात्रा हो,' उनले भनिन्।

खतिवडाले छोराको मृत्युको घटनालाई न्यायको विषयका रूपमा उठाउँदै आफू संसदमा आएको बताएकी हुन्।

सांसद खतिवडाले आफूलाई खोज्दै रास्वपा दैलोसम्म पुगेको बताइन्। 'सम्माननीय प्रधानमन्त्रीज्यूले बारम्बार आग्रह गरेर म यो पदमा आएकी थिएँ। अन्य तमाम जेन-जीहरूको बलिदानलाई खेर जान नदिन म सदनमा पुगेकी हुँ। देशमा यत्रो परिवर्तन आएपछि पनि सरकारले बाटो बिराउन खोज्छ भने सदनमा एउटा शहीदकी आमाले निरन्तर खबरदारी गरिरहनुपर्छ भनेर म यहाँ आएकी हुँ' उनले भनिन्।

आफ्नो मन्तव्य राख्ने क्रमको सुरुवातदेखि नै सांसद खतिवडा भक्कानिएकी थिइन्। 'जुन दिन जेन-जी आन्दोलनका शहीदहरूले पूर्ण रूपमा न्याय पाउँछन्, त्यो दिन यो सांसद पदबाट राजीनामा दिन मलाई एक सेकेन्ड पनि हिचकिचाहट हुनेछैन। तर विडम्बना, मेरो उद्देश्य र छातीको घाउलाई कसैले छोराको लासमाथि सांसद पद साटेकी भन्दै अपमानजनक टिप्पणी गरेको सुन्दा म स्तब्ध छु' उनले भनिन्।

सांसद खतिवडाले आफ्नो संसार उजाडिएको भन्दै भक्कानो छोडिन्।

# मधेशका पूर्वाधार आयोजना अनुगमन गर्न प्रतिनिधिसभाको उपसमिति गठन

अपन दैनिक संवाददाता
सिरहा, असोज ०६ गते



मधेश प्रदेशमा सञ्चालित पूर्वाधार विकास, ऊर्जा, जलस्रोत तथा सिँचाइसम्बन्धी आयोजना तथा कार्यक्रमको अनुगमन र मूल्यांकन गर्न प्रतिनिधिसभाको पूर्वाधार विकास समितिअन्तर्गत मधेश प्रदेश उपसमिति गठन गरिएको छ।

उपसमितिमा सांसद तपेश्वर यादव, डा. मो. फिरदोश आलम, यशोदा कुमारी, राजकिशोर महतो कोइरी र रामाकान्त प्रसाद चौरसिया सदस्य रहेका छन्।

उपसमितिले मधेश प्रदेशभित्र समितिको कार्यक्षेत्रमा पर्ने मन्त्रालय, सरकारी निकाय तथा विभिन्न आयोजनाको व्यवस्थापन, कार्यसम्पादन र गतिविधिको अध्ययन तथा मूल्यांकन गर्नेछ।

अनुगमनका क्रममा देखिएका विषयमा आवश्यक टिप्पणी र सिफारिससहित पूर्वाधार विकास समितिसमक्ष प्रतिवेदन पेस गरिने यादवले बताए।

त्यस्तै, आयोजनामा सार्वजनिक सम्पत्तिको हिनामिना भए-नभएको, प्रचलित ऐन, नियम तथा सम्झौताअनुसार काम भए-नभएकोसमेत अध्ययन गरिनेछ।

सम्बन्धित आयोजनाका प्रतिवेदन, करार सम्झौता, लेखा तथा अन्य कागजात अध्ययन गर्नुका साथै आयोजना स्थलको स्थलगत अनुगमन र सरोकारवालासँग छलफल तथा अन्तरक्रिया गरिनेछ।

आवश्यकताअनुसार विज्ञ, विशेषज्ञ तथा अनुसन्धानकर्तासँग समेत परामर्श गरी उपसमितिले प्रतिवेदन तयार गर्नेछ। उपसमितिको कार्यावधि २०८३ साल माघ मसान्तसम्म तोकिएको छ।

# विमानस्थलमा तोडे तामझाम, संसद्मा लत्याए ............

कूटनीतिक परामर्शबिना उडेको भन्दै आलोचनाको घेरामा पनि पऱ्यो।

विमानस्थलमा देखिएको दृश्य विगतका सरकार प्रमुखहरूको भन्दा बिल्कुलै भिन्न थियो। राष्ट्रिय पोसाक दौरा-सुरुवाल छाडेर कोट, पाइन्ट र स्पोर्ट्स सुजमा सजिएका प्रधानमन्त्रीलाई न त सेनाले सलामी दिए, न त कुनै औपचारिक बिदाइ समारोह नै राखियो।

अन्य सर्वसाधारण यात्रु जहाज चढिसकेपछि मात्र बालुवाटारबाट निस्किएका उनलाई बिदाइ गर्न गृहमन्त्री सुदन गुरुङ र पर्यटनमन्त्री खडकराज पौडेल मात्र विमानस्थल पुगेका थिए। उनीहरूको हातमा समेत कुनै फूलगुच्छा थिएन।

प्रधानमन्त्रीका प्रमुख सल्लाहकार कुमार बेन अनौपचारिक पोसाकमै सामान्य कक्षबाट जहाज छिरे भने कार्यवाहक प्रधानमन्त्री स्वर्णिम वाग्लेले बालुवाटारमै पुस्तक उपहार दिएर बिदाइ गरे। विगतमा प्रधानमन्त्रीहरूले पत्नीलाई साथै लैजाने गरे पनि बालेन यसपटक एक्लै गए।

तर, विमानस्थलको सादगीभन्दा बढी प्रधानमन्त्रीले सार्वभौम संसद्प्रति बेवास्ता गरे। यसअघि तत्कालीन प्रधानमन्त्रीहरू केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड' ले विदेश जानुअघि संसद्मा उपस्थित भएर भ्रमणका एजेन्डा सार्वजनिक गर्ने स्थापित थिति थियो।

तर, आफ्नै पार्टीको बहुमत रहेको संसद् र आफ्नै पार्टीका पूर्वसांसद रहेका सभामुख डिपी अर्याललाई समेत प्रधानमन्त्री शाहले भ्रमणबारे सामान्य जानकारी गराउन आवश्यक ठानेनन्। संसद् सचिवालयले परम्परा सम्झाउँदा समेत प्रधानमन्त्री कार्यालयबाट कुनै जवाफ दिइएन।

नेपालको संसदीय इतिहासमा २०४८ फागुन ११ गते तत्कालीन सभामुख दमननाथ ढुंगानाले प्रधानमन्त्रीको भारत भ्रमणबारे सदनलाई जानकारी गराउन सरकारलाई रुलिङ नै गरेका थिए।

तर, राष्ट्रपतिले नीति तथा कार्यक्रम प्रस्तुत गर्दा बैठक छाडेर हिँडेका, आफ्नै नीति-कार्यक्रमको छलफल र सांसदहरूको प्रश्नोत्तर छल्दै आएका प्रधानमन्त्री शाहले यसपटक पनि संसद्लाई पूर्ण रूपमा उपेक्षा गरे।

परराष्ट्रमन्त्री शिशिर खनालले केही दिनअघि यसबारे सदनलाई जानकारी गराएका थिए भने मंगलबारको बैठकमा रास्वपा सांसद श्रद्धा कुँवरले प्रधानमन्त्रीलाई शुभकामना दिएकी थिइन्।

यता, कूटनीतिक दृष्टिकोणबाट पनि प्रधानमन्त्रीको भ्रमण पूर्वतयारीविहीन देखिएको छ। देशमा भर्खरै गएको भोटेकोशी बाढी र जलवायु विपद्बारे विश्व मञ्चमा उठाउने एजेन्डा तय गर्न उनले न पूर्वप्रधानमन्त्रीहरूसँग सल्लाह गरे, न पूर्वपरराष्ट्रमन्त्री वा विज्ञहरूसँग नै सुझाव मागे।

अमेरिका बसाइका क्रममा राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसबाहेक अन्य विश्व नेताहरूसँग कुनै साइडलाइन वार्ता समेत तय गरिएको छैन। असोज ८ मा महासभालाई सम्बोधन गरेर १० गते नै फर्कने तालिका बनाएका उनले बाँकी भेटवार्ताको जिम्मा परराष्ट्रमन्त्री खनाललाई सुम्पिएका छन्।




# शीतभण्डार आयोजना अलपत्र किसानको जग्गा सात ............

पर्ने गरेको बताए।

उनका अनुसार योजना छनोटदेखि ठेक्का, सम्झौता र बजेट खर्चसम्मका प्रक्रियामा राजनीतिक प्रभाव, अनियमितताले स्थान पाउँदा आयोजना समयमै सम्पन्न हुन नसक्ने अवस्था देखिन्छ। "आयोजना छनोट हुन्छ, बजेट पनि खर्च हुन्छ तर वर्षौंसम्म सम्पन्न हुँदैन भने त्यसको जिम्मेवारी कसले लिने भन्ने प्रश्न उठ्छ", उनले भने, "यस्ता आयोजना अलपत्र पर्नुमा राजनीतिक स्वार्थसँगै कार्यान्वयनमा हुने ढिलासुस्ती, अनियमितता र कमजोर जवाफदेहिता पनि जोडिएको हुन्छ।"

**अख्तियार र महालेखाको प्रश्न**

शीतभण्डार निर्माणका क्रममा योजना छनोट, लागत निर्धारण, सम्झौता तथा भुक्तानी प्रक्रियामा प्रश्न उठेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन अघि बढाएको थियो।

विसं २०७९ मा पडरियासहित प्रदेश सरकारले विभिन्न जिल्लामा अघि बढाएका शीतभण्डार आयोजनामा अनियमितता भएको उजुरी परेपछि सम्बन्धित फाइल मन्त्रालयबाट झिकाएर अनुसन्धान गरिएको थियो।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा सञ्जयकुमार यादवका अनुसार शीतभण्डार निर्माणका क्रममा भएका केही भुक्तानीलाई महालेखापरीक्षक र अख्तियारका प्रतिवेदनमा बेरुजुका रूपमा औँल्याइएको छ।

आयोजना कार्यान्वयनमा देखिएका कानुनी तथा नीतिगत जटिलताका कारण प्रदेश सरकारले आवश्यक निर्णय नगरेसम्म आयोजना अघि बढाउने वा नयाँ ढङ्गले व्यवस्थापन गर्ने विषयमा स्पष्ट दिशा आउन कठिन रहेको उनले बताए।

त्यस्तै, मन्त्रालयका प्रवक्ता मनिषकुमार पालका अनुसार तत्कालीन प्रदेश सरकारले विभिन्न जिल्लामा सुरु गरेका शीतभण्डारसम्बन्धी केही विषय अदालतमा विचाराधीन छन्।

"शीतभण्डार प्रदेशको गौरवको योजना भए पनि यो धेरै गिजोलिएको छ। विगतमा धेरै कमीकमजोरी देखिएका छन्", उनले भने, "यसलाई अब अगाडि बढाउन प्रदेश सरकारले कानुनी र नीतिगत निर्णय लिनुपर्छ। नत्र सम्भव छैन।"



# बाढी प्रभावित क्षेत्रमा साढे ३ अर्बको परियोजना चलाउन आई/एनजीओले लिए स्वीकृति

## कार्यक्रम संशोधन गरेर रसुवा, नुवाकोट र धादिङमा परियोजना लगिँदै

**अपन दैनिक संवाददाता**
**काठमाडौं, असोज ०६ गते**




रसुवा, नुवाकोट र धादिङ लगायतका जिल्लामा भदौ १० को बाढीले क्षति पुऱ्याएका ठाउँमा काम गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले साढे ३ अर्ब रुपैयाँ परिचालन गर्ने गरी समाज कल्याण परिषदबाट स्वीकृति लिएका छन्।

भोटेकोसी बाढीपछि सरकारले घोषणा गरेको विपद् संकटग्रस्त क्षेत्रमा राष्ट्रिय गैरसरकारी संस्थाहरूले असोज २ सम्ममा एक अर्ब ४१ करोड रुपैयाँ खर्च गर्ने गरी समाज कल्याण परिषदबाट स्वीकृत गराएको परिषदका कायममुकायम निर्देशक दीपेन्द्र पन्तले जानकारी दिए।

त्यसबाहेक, अन्तर्राष्ट्रिय गैरसरकारीहरूले भने २ अर्ब १८ करोड ६३ लाख रुपैयाँ बाढी प्रभावित क्षेत्रमा खर्च गर्ने भएका छन्। अन्तर्राष्ट्रिय गैरसरकारीहरूले गर्ने खर्चमध्ये २ करोड ४ लाख ६० हजार रुपैयाँको लागि परिषदबाट नयाँ प्रोजेक्ट स्वीकृत भएको सहायक निर्देशक प्रतीक्षा मिश्रले बताइन्।

४ वटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले ५ करोड २७ लाख ७८ हजार १२० रुपैयाँ बराबरको परियोजना भने अन्यत्रबाट संशोधन गरेर विपद् प्रभावित क्षेत्रमा लैजाने गरी अनुमति लिएका छन्।

समाज कल्याण परिषदले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले स्वीकृत परियोजनामा राहतका लागि छुट्टै बजेट नभए पनि स्थानीय मागअनुसार अन्य शीर्षकबाट राहत कार्यक्रममा रकम रकमान्तर वा परियोजना संशोधन गर्न सकिने व्यवस्था गरेको थियो।

त्यसरी कार्यक्रम संशोधन गर्दा सुरूको बजेटको २० प्रतिशत वा १० करोड रुपैयाँसम्म गर्न सकिने व्यवस्था छ। यसअघि नै परियोजना संशोधन गरिसकेका अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले समेत विपद्को अवस्थालाई ध्यानमा राखी उक्त सीमाभित्र पुनः संशोधन गर्न सक्ने व्यवस्था परिषदले गरेको छ।

यसअघि नै स्वीकृति तथा सम्झौता गरी सञ्चालनमा रहेका परियोजनामा विपद् व्यवस्थापनका लागि बजेट विनियोजन भएको भए सम्बन्धित निकायलाई जानकारी गराएर राहत सामग्री तथा सेवा उपलब्ध गराउन सकिने व्यवस्था पनि परिषदले गरेको थियो।

मानवीय सहायता, उद्धार तथा पुनर्स्थापनाका कार्यक्रम सञ्चालन गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले स्थानीय सरकारको विपद् व्यवस्थापन समिति तथा जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय र सहकार्य गर्नु पर्ने व्यवस्था छ। यस्ता कार्यक्रमलाई परिषद्ले बढीमा ४८ घण्टाभित्र स्वीकृति दिने व्यवस्था पनि गरिएको छ।

६ वटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले रसुवा, नुवाकोट र धादिङमा वितरणका लागि ९ करोड २२ लाख ५० हजार ८६९ रुपैयाँ बराबरको सामान विदेशबाट आयात गरेका छन्। ती सामानको भन्सार क्लियरेन्सको लागि परिषदले अनुमति दिएको मिश्रले बताइन्।

त्यसबाहेक, अन्तर्राष्ट्रिय गैरसरकारीहरूले पहिले नै देशका विभिन्न भागमा सञ्चालन गर्न भनेर स्वीकृत गराएको परियोजनाबाट आकस्मिक कोषका लागि छुट्याएको १ प्रतिशत रकम बराबरको १४ करोड ८३ लाख २३ हजार ९८ रुपैयाँ विपद् प्रभावित क्षेत्रमा सामग्री तथा वित्तीय सहायताको लागि परिचालन गर्न २५ वटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले समाज कल्याण परिषदबाट अनुमति लिएका छन्।

देशका विभिन्न भागमा परियोजना सञ्चालन गरिरहेका १२ वटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले एक अर्ब ८७ करोड २५ लाख ४५ हजार ४२४ रुपैयाँ बराबरको परियोजना संशोधन गरेर रसुवा, नुवाकोट र धादिङ लगायतको विपद् प्रभावित क्षेत्रमा खर्च गर्न परिषदसँग अनुमति मागेका छन्।

परिषदमा र्‍यापिड रेस्पोन्स टिममा समेत रहेर काम गरिरहेकी सहायक निर्देशक मिश्र भन्छिन्, 'विपद प्रभावित क्षेत्रमा काम गर्न जाने भनेर पुरानो कार्यक्रम संशोधन र नयाँ स्वीकृतिका लागि आउने क्रम जारी छ। त्यसरी आएका प्रस्ताव अध्ययन र स्वीकृत गर्न निरन्तर काम गरिरहेका छौं। विपद् प्रभावित क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारीहरूले लैजाने बजेट अझै बढ्ने देखिएको छ।'

विपद् प्रभावित क्षेत्रमा परियोजना लैजान लागेका गैरसरकारी संघसंस्थाहरूले विशेषगरी बाढी प्रभावितहरूको पुनर्स्थापना, शिक्षा, स्वास्थ्य, पोषण, सीपमूलक तथा स्वरोजगार, मनोपरामर्श जस्ता परियोजना बनाएर सञ्चालन गर्ने गरी परिषदबाट अनुमति दिएका छन्।

# बस्तीपुर माविको पुरानो साख फर्किने आशा

**अपन दैनिक संवाददाता**
**काठमाडौं, असोज ०६ गते**



लहान नगरपालिका-१४ स्थित २००४ सालमा स्थापित श्री बस्तीपुर माध्यमिक विद्यालयको पुरानो शैक्षिक साख फर्किने आशा स्थानीयवासीमा जागेको छ। शिक्षा मन्त्री सस्मित पोखरेलले विद्यालयको स्थलगत निरीक्षण गर्दै शैक्षिक तथा भौतिक सुधारका लागि प्रतिबद्धता जनाएपछि यस्तो आशा बढेको हो।

तीन दशकअघिसम्म तीन हजारभन्दा बढी विद्यार्थी अध्ययन गर्ने यस विद्यालयका नौवटा छात्रावासमा पाँच सयभन्दा बढी विद्यार्थी बस्ने गरेका थिए। हाल विद्यालयमा विद्यार्थी सङ्ख्या ८०२ मा सीमित भएको छ।

विद्यालयले विगतमा उत्कृष्ट शैक्षिक नतिजा समेत हासिल गरेको थियो। २०१५ सालको एसएलसी परीक्षामा सुरेन्द्ररञ्जन बराल र २०३७ सालमा राजेश अधिकारीले तेस्रो स्थान हासिल गरेका थिए। तीन दशकअघिसम्म एसएलसी परीक्षामा ४० भन्दा बढी विद्यार्थीले प्रथम श्रेणी ल्याउने गरेको विद्यालयले पूर्वाञ्चलमै उत्कृष्ट पहिचान बनाएको स्थानीयवासी बताउँछन्।

लहान-१४ का वडाध्यक्ष धनिकलाल यादवका अनुसार पछिल्लो तीन दशकयता विद्यालयको शैक्षिक अवस्था क्रमशः खस्किँदै गएको हो। सहरी क्षेत्रका संस्थागत विद्यालये बसमार्फत विद्यार्थी ओसार्नु तथा अभिभावकमा अंग्रेजी माध्यमको शिक्षाप्रतिको आकर्षण बढ्नु विद्यार्थी सङ्ख्या घट्नुका प्रमुख कारण रहेको उहाँको भनाइ छ।

भदौ २७ गते सिरहा-१ का सांसद बब्लु गुप्ताको पहलमा शिक्षा मन्त्री पोखरेलले विद्यालयको निरीक्षण गर्नुभएको थियो। जस्तापातामुक्त तथा प्रविधियुक्त विद्यालय निर्माण गर्ने उद्देश्यसहित गरिएको निरीक्षणपछि विद्यालयको भौतिक र शैक्षिक अवस्थामा सुधार हुने अपेक्षा गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अरुण यादवले बताउनुभयो।

उहाँका अनुसार लहान नगरपालिकाले विद्यालयमा अंग्रेजी माध्यमबाट पठनपाठन सुरु गरेपछि विद्यार्थी आकर्षणमा केही सुधार आएको छ। तर, करिब ८० वर्ष पुरानो विद्यालय भवन विस्थापित गरी नयाँ तथा सुविधासम्पन्न भवन निर्माण गर्नुपर्ने आवश्यकता रहेको उहाँले बताउनुभयो।

"शिक्षा मन्त्री स्वयं विद्यालयमा आएर आवश्यक सहयोग गर्ने विश्वास दिलाउनुभएको छ। यसले हामीलाई उत्साहित बनाएको छ," अध्यक्ष यादवले भन्नुभयो।

नेपाली कांग्रेसका नेता स्वर्गीय प्रदीप गिरिका पिता मित्रलाल गिरी तथा पण्डित विश्वरञ्जन बरालको पहलमा स्थापना भएको विद्यालयको विकासमा तीन दशकअघिसम्म पहाडे समुदायको समेत सक्रिय भूमिका रहेको स्थानीयवासी बताउँछन्। पहाडे समुदायको बसाइँसराइ तथा अंग्रेजी शिक्षाप्रतिको बढ्दो आकर्षणले विद्यालयमा विद्यार्थी सङ्ख्या घटेको स्थानीय जोगी यादवले बताउनुभयो।

त्यस्तै, दलित समुदायका अभिभावकले समेत आफ्ना बालबालिकालाई नजिकै सञ्चालित संस्थागत विद्यालयमा भर्ना गर्न थालेपछि सामुदायिक विद्यालयको विद्यार्थी सङ्ख्या प्रभावित भएको स्थानीयवासीको भनाइ छ।

निर्वाचनका क्रममा विद्यालयको पुरानो साख फर्काउने प्रतिबद्धता जनाएका सांसद गुप्ताको पहलमा शिक्षा मन्त्री विद्यालय निरीक्षणमा पुग्नु सकारात्मक भएको मानव अधिकारकर्मी राजकुमार राउतले बताउनुभयो।

विद्यालयका प्रधानाध्यापक शोभानन्द चौधरीले शिक्षा मन्त्रीको प्रतिबद्धताले विद्यालयको शैक्षिक तथा भौतिक सुधारका लागि आफूहरूले थालेको प्रयासमा थप बल पुगेको बताउनुभयो।

शिक्षा मन्त्रीको निरीक्षणका क्रममा व्यक्त प्रतिबद्धता कार्यान्वयन हुनेमा आशावादी रहेको सांसद गुप्ताले बताउनुभयो। उहाँका अनुसार लहान-१४ स्थित बस्तीपुर माध्यमिक विद्यालयसँगै भगवानपुर गाउँपालिकाको श्री हनुमानप्रसाद शारदा माध्यमिक विद्यालयलाई समेत स्तरीय विद्यालयका रूपमा विकास गर्ने उद्देश्यले निरीक्षण गरिएको हो।

"यी विद्यालयलाई स्तरीय बनाउने र पुरानो साख फर्काउने उद्देश्यले पहल गरिएको हो। विद्यालय बन्द, ढुक्क हुनुस्," सांसद गुप्ताले भन्नुभयो।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं।

AD
अपन दैनिक
सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक, मधेश प्रदेश सिरहा नेपाल

## भोटेकोशी बाढीमा बुबा बेपत्ता हुँदा दाजुबहिनीको ...........

आफूसँग भएको तथा ऋण लिएको एक लाखभन्दा बढी रुपैयाँ उपचार र आउजाउमा खर्च भइसकेको थियो,' शोभाकुमारले भने, 'भरतपुर लैजान थप ऋण खोज्दा पनि पाउन सकेनौं।' पैसा जुटाउन नसक्दा घरमै आमाको मृत्यु भएको उनले सुनाए।

फुलियादेवीको उपचारका क्रममा लिएको ऋण तिर्न र बरखी खर्च जुटाउन बेचन गत जेठमा रसुवा पुगेका थिए। ४५ वर्षीय उनी डन्डी बाँध्ने मजदुरका रूपमा त्रिशूली-३ 'बी' जलविद्युत् आयोजनामा काम गर्थे। तर, त्यस दिनको बाढीपछि उनी सम्पर्कविहीन छन्। बाढीले उत्पात मच्चाइरहँदा शोभाकुमार काठमाडौंमा थिए। बुबाले मात्रै कमाएर ऋण तिर्न गाह्रो देखेपछि उनी बाध्य भएर गाउँलेसँग मजदुरी गर्न काठमाडौं पुगेका थिए। बुबा कार्यरत आयोजना बाढीले बगाएको खबर पाएपछि उनले फोन गर्न थाले। तर, फोन लागेन। उनले भने, 'एखोन बेर-बेर फोन डायल करैत रहैछिए, लेकिन नै लागैछै (अझै पटक-पटक फोन डायल गरिरहन्छु तर लाग्दैन।)'

बुबाले लिएकोमध्ये ६९ हजार रुपैयाँ ऋण तिर्न बाँकी रहेको शोभाले बताए। 'अहिले हाम्रो अवस्था हेरर कोही माग्न आउनुभएको त छैन। तर, तिर्नु त पर्छ नै,' उनले भने, 'बुबासँग यतिका दिनसम्म पनि सम्पर्क नहुँदा के गर्ने, नगर्ने भनी दिमागले काम गरिरहेको छैन।'

बुबा बेपत्ता भएपछि ७ वर्षीया बहिनी बिभाको जिम्मेवारी पनि शोभामाथि आएको छ। उनका दुई दिदी विवाह गरेर गइसकेका छन्। अहिले दिदीहरू हीरा र किरणले पालेपालो बोरियामै बसेर शोभा र बिभाको हेरचाह गरिरहेका छन्। उनीहरूको टिनको घर छ तर पानी परेपछि चुहिन थाल्छ। वर्षाका बेला त्यहाँ बस्न र खाना पकाउनै समस्या पर्ने उनले बताए। उनले भने, 'जाने ठाउँ छैन। जस्तो भए पनि बस्ने, सुत्ने र खाना पकाउने सबै काम चुहिने छानामुनि नै गरिरहेका छौं।'

दिदी हीराले भाइबहिनीलाई आफूसँगै लैजान सक्ने अवस्था नरहेको बताइन्। 'दिदी केही दिन बसेर ससुराली फर्किनुभयो, फर्किनुपर्ने बाध्यता मलाई पनि छ,' उनले भनिन्, 'अहिले भाइ र बहिनीको चिन्ताले फर्किन सकेकी छैन। हामी पनि आर्थिक रूपमा कमजोर नै छौं। त्यहाँ राख्न सक्ने अवस्था पनि छैन।'

बेचनसँगै मजदुरी गर्न रसुवा पुगेका सोही टोलका अन्य दुई जना पनि सम्पर्कमा छैनन्। २८ वर्षीय सुरेन्द्र सदा र ३० वर्षीय शिवकुमार सदा पनि त्यहाँ पुगेका थिए। २७ दिनसम्म उनीहरूको खोजखबर नपाउँदा परिवारका सदस्य अस्पतालदेखि रसुवासम्म भौतारिँदै आएका छन्। 'भाइ बेपत्ता भएपछि खोजी गर्नका लागि रसुवाको बेत्रावतीसम्म पुग्यौं। तर, त्रिशूली-३ 'बी' जलविद्युत् आयोजनासम्म पुग्न सकिएन,' सुरेन्द्रका दाजु अरुण सदाले भने, 'आसपासमा तीन-चार दिन खोज्दा नभेटेपछि निराश भएर फर्कियौं।'

उनका अनुसार बेपत्ता भएका गाउँका तीनै जनाका परिवारले अस्पताल पुगेर डीएनए परीक्षणका लागि रगत दिएका छन्। 'अब आफैंले खोजेर शव पहिचान गर्ने अवस्था पनि रहेन। बाध्य भएर डीएनए मिल्ने आसले पर्खिरहेका छौं,' उनले भने, 'त्यसमा सरकारले तदारुकताका साथ काम गर हुन्थ्यो।'

## शैक्षिक प्रमाणपत्र हराएको सूचना

मिति २०८३/०२/०७ गते घरबाट सिरहा जाने क्रममा मेरो +2 को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा उक्त कागजात कसैले फेला पार्नुभएको भए कृपया तल उल्लेखित सम्पर्क नम्बरमा जानकारी गराइदिनुहुन अनुरोध गर्दछु।

**नाम:** अब्दुल्लाह सखिउल्ला
**ठेगाना:** सिरहा नगरपालिका-४ रमौल **सम्पर्क नं.:** ९७४८४५२२२८
**रजिस्ट्रेशन नं.** ८१२१६००८००११ **सिम्बोल नं.:** २१६०१८९४



माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्द, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

विश्वास, शुद्धता र गुणस्तर हाम्रो पहिचान
राहुल ज्वेलर्स
शुद्धता हाम्रो प्रतिबद्धता उचित मूल्यमा सर्वोत्तम सेवा
सुनचाँदीका गरगहना तथा विश्वसनीय गन्तव्य
24K २४ क्यारेट सुनका गरगहना
११६ केडीएम (Hallmark) सुनका नयाँ-नयाँ डिजाइन
आकर्षक चाँदीका गरगहना
विवाह तथा विशेष अवसरका सम्पूर्ण गहनाहरु उपलब्ध
पुरानो सुन-चाँदी साटफेर तथा उचित मूल्यमा खरिद-बिक्री
अनुभवी कालीगढद्वारा मर्मत तथा नयाँ डिजाइन निर्माण
नोट : यहाँ बिना रसायनको पनि गहना बनाइन्छ।




सिरहा नगरपालिका-१, सिरहा
प्रोपाराइटर
शत्रुधन प्रसाद साह
9815770866